# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## आर्थिक वर्ष २०७५/७६ का लागि

## संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस

२०७५ जेठ

काठमाडौं

## १. पृष्ठभूमि

नेपालको संविधानमा अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई वित्तीय संघीयताको यौटा महत्वपूर्ण आयामको रूपमा स्वीकार गर्दै संघ, प्रदेश र स्थानीय तहबीच स्रोतको न्यायोचित बाँडफाँट गर्न विभिन्न व्यवस्थाहरू गरिएको छ। वित्तीय संघीयताको विविध आयामहरूमध्ये संघ, प्रदेश र स्थानीय तहका खर्च तथा राजस्व जिम्मेवारीलाई संविधानको अनुसूचीमा प्रष्ट पारिएको छ। रक्षा, परराष्ट्र, अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय मानक, केन्द्रीयस्तरका पूर्वाधार लगायतका विषयहरू संघको क्षेत्राधिकारमा रहने, प्रदेश प्रशासन, प्रदेशस्तरका पूर्वाधार, कृषि, भूमि व्यवस्थापन लगायतका जिम्मेवारी प्रदेशको क्षेत्राधिकारमा रहने र स्थानीय सेवाको व्यवस्थापन, आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, कृषि तथा पशुपालन, स्थानीयस्तरका पूर्वाधार लगायतका विषय स्थानीय तहको जिम्मेवारीमा रहने व्यवस्था संविधानमा गरिएको छ। कतिपय विषयहरू संघ, प्रदेश र स्थानीय तहका साझा सूचीमा समेत रहेका छन्। त्यस्तै संघ, प्रदेश र स्थानीय तहहरूले आफ्नो कार्यसम्पादन गर्दा नेपालको संविधानमा उल्लिखित राज्यका नीति तथा निर्देशक सिद्धान्तहरूबाट पनि निर्देशित हुने गर्दछन्। प्रदेश र स्थानीय तहको अधिकारको सूची अध्ययन गर्दा प्रदेशहरू विकास निर्माणका कार्यमा मुख्य भूमिकामा रहने र स्थानीय तह सेवा प्रवाहको प्रमुख संयन्त्र रहने व्यवस्था रहेको देखिन्छ।

संघ, प्रदेश र स्थानीय तहबीच राजस्व जिम्मेवारीको बाँडफाँट समेत संविधानमा नै गरिएको छ। केही राजस्व जिम्मेवारी प्रदेश र स्थानीय तहमा संविधानतः निक्षेपण गरिएको भए तापनि अधिकांश राजस्व जिम्मेवारी केन्द्र सरकारको क्षेत्राधिकारमा रहने व्यवस्था रहेको छ। भन्सार महसूल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर लगायतका करहरू संघीय सरकारको क्षेत्राधिकारमा पर्दछन् भने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, कृषि आयमा कर तथा स्थानीय कर जस्ता विषय प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका छन्।

प्रदेश र स्थानीय तहले राजस्व परिचालनका तुलनामा अधिक लागत लाग्ने सेवा प्रवाह गर्नुपर्ने भएकाले नै नेपाल सरकारबाट प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्नुपर्ने भएको हो। शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण लगायतका बृहत्तर सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणमा प्रदेश र स्थानीय तहका साथसाथै संघीय सरकारले समेत महत्त्वपूर्ण भुमिका निर्वाह गर्नुपर्दछ। प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर कायम गर्नु पनि केन्द्र सरकारको जिम्मेवारी हो। त्यस्तै, वृहत् राष्ट्रिय नीति तथा कार्यक्रमको कार्यान्वयन गर्नका लागि नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ। यसर्थ, नेपाल सरकारले प्रदेश र स्थानीय सरकारका विकास निर्माण र सेवा प्रवाहका जिम्मेवारीलाई सम्बोधन गर्न र प्रदेश तथा

स्थानीयस्तरबाट केन्द्रीय नीति तथा कार्यक्रमको कार्यान्वयन गर्नका लागि राजश्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान हस्तान्तरण हुने व्यवस्था रहेको छ।

## २. संवैधानिक तथा कानुनी व्यवस्था

### २.क. संवैधानिक व्यवस्थाः

अन्तर-सरकारी वित्त व्यवस्थापनका सम्वन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्ः-

- धारा ६० को उपधारा (३)ः प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने;
- धारा ६० को उपधारा (४)ः नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने;
- धारा २५१ उपधारा (१)ः संविधान र कानुन बमोजिम संघीय संचित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने र समानीकरण अनुदानको सिफारिस गर्ने काम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने।

### २.ख. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन तथा यसको काम कर्तव्य तथा अधिकारका सम्बन्धमा आवश्यक व्यवस्था गरी संविधानको धारा २५० तथा २५१ को मर्मलाई स्पष्ट रूपमा कार्यान्वयन गर्नका लागि तर्जुमा गरिएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ (१) मा वित्तीय समानीकरण अनुदान सिफारिसका लागि देहायका आधारहरू तोकिएका छन्।

- प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,
- अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,
- प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,
- प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,
- प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा,
- प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,
- प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

त्यस्तै, यस ऐनको दफा १६ को उपदफा (३) मा आयोगले प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## २.ग. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

संघ, प्रदेश एवं स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्वन्धी विषय व्यवस्थित गर्ने उद्देश्यले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ जारी भई लागू भएको छ। यस ऐनले मूलतः वित्तीय संघीयताको महत्वपूर्ण अवयवको रुपमा रहेको राजस्व र खर्चको जिम्मेवारी, अन्तरसरकारी वित्त हस्तान्तरण, प्रदेश तथा स्थानीय तहले लिन पाउने आन्तरिक ऋण लगायतका विषयलाई समेटेको छ। यस ऐनमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नुपर्ने व्यवस्था गरिएको छ।

# ३. आर्थिक वर्ष २०७५/७६ को राजस्व बाँडफाट र वित्तीय समानीकरण अनुदान सिफारिसका लागि आयोगले अवलम्वन गरेको विधि

सरकारहरू बीच हुने स्रोतको बाँडफाँट एवम् वित्तीय हस्तान्तरणलाई बढि पारदर्शी, न्यायसम्मत र सन्तुलित तुल्याउनका लागि नै एक स्वतन्त्र संवैधानिक निकायको व्यवस्था गरिएको हो। संविधानको यसै मर्मलाई आत्मसात् गर्दै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान सिफारिसका लागि देहाय बमोजिमको विधि अवलम्वन गरेको छ।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लिखित आधारहरू सम्बोधन गरिएको,
- खण्डीकृत तथ्याङ्क (Disaggregated Data) प्राप्त हुन नसकेको अवस्थामा नजिकको तथ्याङ्क प्रयोग गरी सूचकाङ्क निक्यौंल गरिएको,
- स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विस्तृत अध्ययन गरिएको,
- तथ्याङ्कको वैधता (Validity) परीक्षण गर्न भौगोलिक क्षेत्र, प्रदेश एवम् स्थानीय तहका प्रकार र बसोबासको सघनता जस्ता पक्ष समेत समेट्ने गरी नमुना तथ्याङ्क सङ्कलन गरिएको,
- सेवा प्रवाहको लागत अनुमान, आर्थिक-सामाजिक विभेदको अवस्था र स्थानीय तहको क्षमता आँकलन सम्बन्धमा विस्तृत अध्ययन गरिएको,
- प्रदेश मन्त्रीमण्डल, प्रमुख सचिव र प्रदेश मन्त्रालयका सचिवहरूसँग अन्तर्क्रिया गरिएको,
- विभिन्न तहका सरकारहरूको न्यूनतम खर्च एवम् पूर्वाधार विकासको आवश्यकता समेतका आधारमा खर्चको आवश्यकता आँकलन गरिएको,
- राजस्वको अधिकार, स्थानीय तहबाट प्राप्त विवरण र स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट प्राप्त विवरण समेतको आधारमा राजस्व प्रक्षेपण गरिएको,

- स्थानीय तहहरूको क्षेत्रफल लगायतका केही सूचकाङ्कमा आएको परिवर्तनका कारणवाट प्रदेश र स्थानीय तहलाई उपलब्ध गराईएको राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको सीमामा असर नपर्ने गरी सिफारिस गरिएको।
- देहायका सूचकाङ्क तयार गरिएकोः-
  - **मानव विकास सूचकाङ्क** - राष्ट्रिय जनगणना, २०६८ र नेपाल मानव विकास प्रतिवेदन, २०१४ मा जिल्लास्तरसम्म मात्र मानव विकास सूचकाङ्क उपलव्ध भएको हुँदा भौगोलिक क्षेत्र, ग्रामीण तथा शहरी क्षेत्र एवं जिल्लास्तरको तथ्याङ्कका आधारमा प्रदेश तथा स्थानीय तहसम्मको मानव विकास सूचकाङ्क तयार गरिएको छ।

  - **मानव गरिबी सूचकाङ्क** - राष्ट्रिय जनगणना, २०६८ र नेपाल मानव विकास प्रतिवेदन, २०१४ मा जिल्लास्तरसम्म मात्र मानव गरिबी सूचकाङ्क उपलव्ध भएको हुँदा भौगोलिक क्षेत्र, ग्रामीण तथा शहरी क्षेत्र एवं जिल्लास्तरको तथ्याङ्कका आधारमा प्रदेश तथा स्थानीय तहसम्मको मानव गरिबी सूचकाङ्क तयार गरिएको छ।

  - **पूर्वाधार सूचकाङ्क** — पूर्वाधार सूचकाङ्क तयार गर्दा कनेक्टिभिटीसँग सम्बन्धित सडक, विद्युत र सूचना प्रविधिको पहुँचलाई आधार मानिएको छ। यस अनुसार प्रदेश र स्थानीय तहको सडक घनत्व (क्षेत्रफलमा सडकको लम्बाइ), विद्युत सेवाबाट लाभान्वित जनसंख्या र सूचना तथा सञ्चार प्रविधिमा भएको पहुँचलाई आधारको रूपमा लिइएको छ। प्रदेश र स्थानीय तहको पूर्वाधार सूचकाङ्क तयार गर्दा यी तीन क्षेत्रलाई फरक फरक भार दिइएको छ। प्रदेश तहको पूर्वाधारमा सडक सञ्जालले ठूलो प्रभाव पार्ने भएकाले सडक घनत्वलाई ८० प्रतिशत भार दिइएको छ। त्यसैगरी, विद्युतको उपलब्धतालाई १० प्रतिशत र सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई १० प्रतिशत भार दिइएको छ।

    स्थानीय तहको भूगोल प्रदेशको भन्दा सानो भएकाले तीनवटै क्षेत्रले स्थानीय तहको विकास निर्माण र सेवा प्रवाहको लागतमा ठूलो प्रभाव पार्ने हुँदा सडक घनत्वलाई ५० प्रतिशत, विद्युतको उपलब्धतालाई ३० प्रतिशत र सूचना तथा सञ्चार प्रविधिमा पहुँचको अवस्थालाई २० प्रतिशत भार दिई प्रत्येक स्थानीय तहको पूर्वाधार सूचकाङ्क तयार गरिएको छ।

  - **सामाजिक-आर्थिक विभेद सूचकाङ्क** — प्रदेश र स्थानीय तहमा रहेको आर्थिक, सामाजिक तथा अन्य विभेद मापन गर्ने सम्पूर्ण तथ्याङ्क उपलब्ध नभएकाले यो पटकका लागि

प्रदेश र स्थानीय तहमा रहेको आर्थिक विभेदको अवस्थालाई ५० प्रतिशत, सामाजिक विभेदको अवस्थालाई ४५ प्रतिशत र जलवायु परिवर्तन जोखिमको अवस्थालाई ५ प्रतिशत भार दिइएको छ। आर्थिक विभेदको प्रतिनिधि सूचकका रूपमा प्रदेश र स्थानीय तहको गरिबी, आश्रित जनसंख्या र पूर्वाधार विकासको अवस्थालाई लिइएको छ। प्रदेश र स्थानीय तहको जातिगत विवरण, अपाङ्गता भएको जनसंख्याको अनुपात, प्रौढ तथा महिला साक्षरता, सुरक्षित खानेपानीमा भएको पहुँचलाई सामाजिक विभेदको प्रतिनिधि सूचकका रूपमा रूपमा लिइएको छ। यसका लागि केन्द्रीय तथ्याङ्क विभाग समेत नेपाल सरकारका विभिन्न निकायहरूबाट प्राप्त तथ्याङ्क र यस आयोगबाट गराइएको अध्ययनलाई प्रमुख आधारको रूपमा लिइएको छ।

- **न्यून विकास सूचकाङ्क** – राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा व्यवस्था भएअनुसार प्रदेश र स्थानीय तहको सन्तुलित विकासको अवस्था मापन गर्नका लागि प्रत्येक प्रदेश र स्थानीय तहको विकास सूचकाङ्कले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले सबै प्रदेश र स्थानीय तहको न्यून विकास सूचकाङ्क तयार गरिएको छ। यस्तो सूचकाङ्क तयार गर्दा पूर्वाधार विकासलाई ७० प्रतिशत, सेवा प्रवाहको लागतलाई २० प्रतिशत र आर्थिक सामाजिक विभेदलाई १० प्रतिशत भार दिइएको छ। यसका लागि केन्द्रीय तथ्याङ्क विभाग समेत नेपाल सरकारका विभिन्न निकायहरूबाट प्राप्त तथ्याङ्क र यस आयोगबाट गराइएको अध्ययनलाई प्रमुख आधारको रूपमा लिइएको छ।

- सूचकाङ्कहरू तयार गर्दा प्रदेश तहको संख्या कम भएकाले अंकगणितीय मध्यक (Arithmetic Mean)र स्थानीय तहको संख्या धेरै भएकाले ज्यामितीय मध्यक (Geometric Mean) को प्रयोग गरी तथ्याङ्कलाई बढी यथार्थपरक बनाइएको, र
- आयोगबाट तयार पारिएका सूचकाङ्कहरूबाट आवश्यकता अनुसार एकीकृत सूचकाङ्क (Composite Index) तयार गरिएको।

## ४. आर्थिक वर्ष २०७५/७६ को वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा लिइएका आधारहरू

संवैधानिक एवं कानुनी व्यवस्था अनुसार हुने गरी नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा ३ अनुसार हुने गरी प्रत्येक प्रदेश र

स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र तोकिएका आधारहरू बमोजिम प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

संविधान र कानुनमा भएका यी व्यवस्था अनुरूप आर्थिक वर्ष २०७५/७६ को वित्तीय समानीकरण अनुदान सिफारिस गर्न आयोगबाट देहाय बमोजिमका आधारहरूको प्रयोग गरिएको छ।

**क.१. स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको अन्तर**

स्थानीय तहले नेपालको संविधानको अनुसूची ८ र ९ मा तोकिएका जिम्मेवारी पूरा गर्न लाग्ने लागत अनुमान गरी स्थानीय तहको खर्चको आवश्यकता आँकलन गरिएको छ। नेपालको संविधानको अनुसूची ८, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले उठाउन सक्ने राजस्व र आर्थिक वर्ष २०७३/७४ को स्थानीय तहको आन्तरिक राजस्व समेतका आधारमा स्थानीय तहको राजस्व क्षमता आँकलन गरिएको छ। यस अनुसार स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको अन्तरलाई ७० प्रतिशत भार दिइएको छ।

**क.२. प्रदेश तहको खर्चको लागत**

प्रदेश तहको तथ्याङ्कीय आधार नबनिसकेको र राजस्वको क्षमता समेत आँकलन गर्न कठिन भएकाले विकास निर्माण एवं सेवा प्रवाह लागतको सूचकाङ्कलाई ६० प्रतिशत भार दिइएको छ।

**ख.१. स्थानीय तहको मानव गरिबी सूचकाङ्क**

स्थानीय तहको शिक्षा, स्वास्थ्य, खानेपानी लगायतको आवश्यकतालाई सम्बोधन गर्नका लागि मानव गरिबी सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

**ख.२. प्रदेश तहको बहुआयामिक गरिबी सूचकाङ्क**

राष्ट्रिय योजना आयोगले विक्रम सम्वत् २०७४ मा तयार गरेको प्रदेश तहको बहुआयामिक गरिबी सूचकाङ्कले प्रदेश तहको मानव गरिबीलाई यथार्थपरक ढङ्गले प्रतिविम्बित यो सूचकाङ्कलाई १५ प्रतिशत भार दिई प्रयोग गरिएको छ।

**ग. सामाजिक तथा आर्थिक विभेद सूचकाङ्क**

स्थानीय तहमा रहेको आर्थिक, सामाजिक तथा अन्य विभेदलाई सम्बोधन गर्नका लागि यस सूचकाङ्कलाई ५ प्रतिशत भार दिइएको छ। स्थानीय तहको भूगोल सानो भएको र खर्चको अन्य सूचकाङ्कले पनि यो विषयलाई समेट्ने भएकाले यो विभेदलाई कम भार दिइएको छ। स्थानीय तहको तुलनामा प्रदेश तहमा विभेदको विषमता अधिक हुने भएकाले यो सूचकाङ्कलाई १५ प्रतिशत भार दिइएको छ।

### घ. पूर्वाधार सूचकाङ्क

विकासको पूर्वशर्तका रूपमा रहने सडक, विद्युत तथा सूचना प्रविधिमा पहुँचको अवस्थालाई दृष्टिगत गरी स्थानीय तहको पूर्वाधार सूचकाङ्कलाई १५ प्रतिशत र प्रदेश तहको पूर्वाधार सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

### ङ. न्यूनतम अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा ३ बमोजिम प्रत्येक स्थानीय तहका लागि न्यूनतम अंक सिफारिस गरिएको छ। मूलतः संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारको कार्य विस्तृतीकरणलाई आधार लिई प्रत्येक स्थानीय तहका लागि आवश्यक पर्ने न्यूनतम अंक आँकलन गरी सिफारिस गरिएको छ। माथि प्रस्तुत गरिएका आधारहरूबमोजिम प्राप्त हुने वित्तीय समानीकरण अनुदान र यो न्यूनतम अंकको योगफल कम्तीमा रु. ६ करोड हुने गरी अनुदान उपलब्ध गराउन सिफारिस गरिएको छ।

प्रदेश तहको न्यूनतम अंक आँकलन गर्न सबै तथ्याङ्कहरू उपलब्ध नभएकाले चालु आर्थिक वर्षमा उपलब्ध गराइएको रु. १ अर्ब २ करोड बराबर हुने गरी प्रत्येक प्रदेशलाई न्यूनतम अनुदान र माथिका आधारहरूबमोजिम प्राप्त हुने वित्तीय समानीकरण अनुदान जोडी कुल अनुदान उपलब्ध गराउन सिफारिस गरिएको छ।

## ५. वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकम विनियोजनका लागि प्रदेश र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरूः

प्रदेश तथा स्थानीय तहले नेपालको संविधानमा उल्लेख भएको अधिकारको सूची बमोजिमका कार्यहरू गर्नका लागि वित्तीय समानीकरण अनुदानको उपयोग गर्नुपर्नेछ। यसरी अनुदानको उपयोग गर्दा कुनै एक क्षेत्रमा मात्र बढी खर्च गर्ने र अन्य क्षेत्रमा स्रोत अपुग हुने गर्नुहुँदैन। अतः यसका लागि देहायबमोजिम गर्नुपर्ने सिफारिस गरिएको छः-

### ५.१. प्रदेश तर्फः

- साविकमा संघीय सरकारबाट सञ्चालन हुँदै आएका तर हाल प्रदेश सरकारले निरन्तरता दिनुपर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरू,
- नेपालको संविधानको अनुसूचीहरूमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य एवम् विभिन्न तहका सरकारबाट सम्पादन हुनुपर्ने कार्य जिम्मेवारी सम्वन्धमा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित कार्यमध्ये प्रदेश सरकारबाट सम्पादन गर्नुपर्ने देहाय

बमोजिमका कार्यका लागि यथेष्ट रकम विनियोजन गरेपछि मात्र अन्य कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्नुपर्ने,

- प्रदेशस्तरको उच्च शिक्षा सम्बन्धी नीति, कानून, योजना कार्यान्वयन र नियमन सम्बन्धी कार्य,
- प्रादेशिक स्वास्थ्य सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन र नियमन सम्बन्धी कार्य,
- विद्युत, सिंचाइ, खानेपानी, सरसफाइ तथा परिवहन सम्बन्धी प्रादेशिक नीति, कानून, योजना कार्यान्वयन र नियमन सम्बन्धी कार्य,
- कृषि तथा पशु विकास सम्बन्धी प्रादेशिक नीति, कानून, योजना कार्यान्वयन र नियमन सम्बन्धी कार्य,

- प्रादेशिक भौतिक पूर्वाधारहरूको निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्य,
- प्रदेश सरकारले वहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरू,
- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा प्रवाहका लागि सन्चालन हुने कार्यक्रम तथा आयोजनाहरू,
- सम्बन्धित प्रदेशको सन्तुलित विकासमा टेवा पुऱ्याउने पूर्वाधार विकासका कार्यक्रम तथा आयोजनाहरू,
- सामाजिक एवम् आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान एवम् मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने कार्यक्रम तथा योजनाहरू,

साथै समानीकरण अनुदान वापत प्रदेश सरकारलाई प्राप्त भएको रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवम् सन्चालन खर्चका लागि विनियोजन नगरी विकास निर्माणमा खर्च गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

## ५.२. स्थानीय तह तर्फः

- साविकमा संघीय सरकारबाट सञ्चालन हुँदै आएका तर हाल स्थानीय सरकारले निरन्तरता दिनुपर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरू,

- नेपालको संविधानको अनुसूचीहरूमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य एवम् विभिन्न तहका सरकारबाट सम्पादन हुनुपर्ने कार्य जिम्मेवारी सम्वन्धमा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित कार्यहरूमध्ये स्थानीय तहबाट सम्पादन गर्नुपर्ने देहाय बमोजिमका कार्यका लागि यथेष्ट रकम विनियोजन गरेपछि मात्र अन्य कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्नुपर्ने,
    - आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्य,
    - आधारभूत स्वस्थ्य र सरसफाइ सम्बन्धी कार्य,
    - कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्य,
    - कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्य,
    - स्थानीय खानेपानी सम्बन्धि नीति, योजना, कार्यन्वयन र नियमन एवम् खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य,
    - स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन र मर्मत- संभार सम्बन्धी कार्य,
    - स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन सम्बन्धी कार्य,
    - सामुदायिक भू-संरक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य,
    - खेलकुद विकास र प्रवर्द्धन सम्बन्धी कार्य,
    - स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तहले बहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरू,
- सम्बन्धित स्थानीय तहको सन्तुलित विकासमा टेवा पुऱ्याउने पूर्वाधार विकासका कार्यक्रम तथा आयोजनाहरू,
- सामाजिक एवम् आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान एवम् मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने कार्यक्रम तथा योजनाहरू।

साथै समानीकरण अनुदान वापत स्थानीय तहलाई प्राप्त भएको रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवम् सञ्चालन खर्चका लागि विनियोजन नगरी विकास निर्माणमा खर्च गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्नेछ ।

*******